पाना - १

आज मिति २०८३ असार ३० गते मंगलवारका दिन बिहान ११:०० बजे यस फतुवा विजयपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय लक्ष्मीनिया दो. रौतहटमा यस नगरपालिकाको कार्यवाहक नगर प्रमुख श्री अम्बेया खातुन ज्यूको अध्यक्षतामा कार्यपालिका बैठकमा देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्न पदाधिकारीहरुको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो ।

देहाय

| | |
|---|---|
| १. श्री अम्बेया खातुन | - कार्यवाहक नगर प्रमुख |
| २. श्री विजय कुमार यादव | - वडा नं. १ वडा अध्यक्ष |
| ३. श्री अनिरुद्ध प्रसाद यादव | - वडा नं. २ वडा अध्यक्ष |
| ४. श्री रामेश्वर प्रसाद यादव | - वडा नं. ३ वडा अध्यक्ष |
| ५. श्री सतिस कुमार यादव | - वडा नं. ४ वडा अध्यक्ष |
| ६. श्री शेख एजाज अहमद | - वडा नं. ५ वडा अध्यक्ष |
| ७. श्री राम एकवाल राय यादव | - वडा नं. ६ वडा अध्यक्ष |
| ८. श्री राम विश्वास राय यादव | - वडा नं. ७ वडा अध्यक्ष |
| ९. श्री नितेश कुमार चौधरी | - वडा नं. ८ वडा अध्यक्ष |
| १०. श्री राकेश यादव | - वडा नं. ९ वडा अध्यक्ष |
| ११. श्री मंजय कुमार चौधरी | - वडा नं. १० वडा अध्यक्ष |
| १२. श्री ज्ञानेन्द्र चौधरी | - वडा नं. ११ वडा अध्यक्ष |
| १३. श्री मंगली कुमारी कालिकोटे | - कार्यपालिका सदस्य |
| १४. श्री पार्वती देवी | - कार्यपालिका सदस्य |
| १५. श्री सिकिलिया देवी | - कार्यपालिका सदस्य |
| १६. श्री भदिया देवी | - कार्यपालिका सदस्य |
| १७. श्री महापती देवी | - कार्यपालिका सदस्य |
| १८. श्री कामेश्वर प्रसाद कुम्हार | - कार्यपालिका सदस्य |

१९. श्री जयराम साह कानु - कार्यपालिका सदस्य

२०. श्री उमा शंकर साह कलवार - कार्यपालिका सदस्य

२१. श्री कमल प्रसाद दाहाल - प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १ :- नगरसभा बोलाउने सम्बन्धमा

प्रस्ताव नं. २ :- नगरवासी तथा कार्यालय प्रयोजनको बिजुलि महसुल भुक्तानी सम्बन्धमा

प्रस्ताव नं. ३ :- नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धमा

प्रस्ताव नं. ४ :- नगरप्रहरी गठन सम्बन्धमा

प्रस्ताव नं. ५ :- IEE सम्पन्न गर्ने सम्बन्धमा

प्रस्ताव नं. ६ :- आ.व. २०८२/०८३ को बजेट कार्यन्वयनको समीक्षा सम्बन्धमा

प्रस्ताव नं. ७ :- विभिन्न ऐन तथा कार्यविधिहरु स्वीकृति सम्बन्धमा

प्रस्ताव नं. ८ :- विविध

प्रस्ताव नं. १ नगर सभा बोलाउने सम्बन्धमा:

प्रस्तावको पृष्ठभूमि र सन्दर्भ:

गत विगत वर्षहरुदेखि नै यस नगरपालिकाले कानूनद्वारा निर्धारित समयमै आगामी आ. व. का लागि नीति तथा कार्यक्रम र बजेट ल्याउन नसक्ने गरेको तितो परम्परा यस वर्ष पनि दोहोरिएको छ । यसले नगरपालिकाको समग्र कार्यसम्पादनको मूल्याङ्कनमा नकारात्मक असर पर्ने भएकाले अबिलम्ब आगामी आ. व. २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट पेश गरी सभाबाट अनुमोदन गर्न, गराउन एवं चालू आ.व.२०८२/८३ को योजनाहरुको फरफारक समेत गर्ने कानूनी दायित्व पुरा गर्नुपर्ने भएकाले नगरसभाको बोलाउन अत्यवश्यक भएको छ।

निर्णय नं.१

कार्यपालिकाको निर्णयको व्यहोरा

आगामी आ. व. २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट नगरसभामा छलफल तथा पारित गर्नका लागि अर्को कार्यपालिका बैठकमा निर्णय गरी नगरसभा बोलाउने कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

प्रस्ताव नं.२ नगरबासी तथा कार्यालय प्रयोजनको बिजुली महसुल भुक्तानी सम्बन्धमा

प्रस्तावको पृष्ठभूमि र सन्दर्भ:

यस फतुवा बिजयपुर नगरपालिकाको आफ्नै कार्यालय भवनहरु नहुँदा नगरपालिकाको प्रशासकीय कार्य सञ्चालन, केही वडा कार्यालयहरु तथा स्वास्थ चौकीहरुको सेवा सञ्चालन कार्यहरु गत विगत वर्षहरुदेखि निजी घर तथा कोठाहरु भाडामा लिई सञ्चालन गर्दै आउनु परेको छ ।कार्यालय प्रयोजनले घर भाडामा लिएपछि कार्यालयले प्रयोग गरेको पानी तथा बिजुलीको महसुल कार्यालयकै दायित्व भित्र पर्न आउँछ । यसै सन्दर्भमा यस नगरपालिकाले सबै नगरबासीहरुको बिजुली महसुल तिरिदिने भन्दै गत विगतदेखि कार्यक्रम राखेको सोही सिलसिलामा नगरपालिकाले भाडा लिएको घर धनीहरुको बिजुली महसुल समेत सो अनुदान कार्यक्रम अन्तर्गत रहेको मानी घरभाडा सम्झौतामा बिजुलीको महसुल तिर्ने शर्त छुट हुन गएको भए पनि नतिरेको अवस्था रहँदै आएको, नगरपालिका अन्तरगत सरकारी स्वामित्वमा रहेको केही वडा कार्यालयहरु तथा स्वास्थ्य चौकीहरुको समेत यस्तै अन्यौलता समेतको कारण बिजुली महसुल भुक्तानी छुट हुन गएको छ ।साथसाथै, बिजुली महसुल मात्र नभई केही घरधनीको घरभाडा समेत भुक्तानी हुन छुट भएको छ ।तसर्थ कार्यालयले प्रयोग गरेको बिजुली महसुल जस्तो अनिवार्य दायित्व र सम्झौता नविकरण छुटेको लगायतको कारण देखाई घरभाडा समेत छुट हुन गएको रकम नगरपालिकाले अनिवार्य रुपमा भुक्तानी गर्नुपर्ने देखिएकाले कार्यपालिकाबाट आवश्यक निर्णय हुनुपर्ने भएको छ ।

कार्यपालिकाको निर्णयको व्यहोरा

(क) फतुवा बिजयपुर नगरवासीको गतविगत वर्षहरु देखि बाँकी बक्यौता रहेको कृषि र घरायसी मिटरको विजुली महसुल रकम नेपाल विधुत प्राधिकरण वितरण केन्द्र मौलापुर र चन्द्रपुरसँग समन्वय गरि यथार्थ बिल रकम यकिन गरि आवश्यक कार्यविधि बनाई न्यायोचित रुपमा उक्त कार्यक्रम कार्यान्वयनमा ल्याइएको सुरु आ.व. २०७७/०७८ को कार्यक्रम समेतलाई दृष्टिगत गरि भुक्तानी गर्न आगामी आर्थिक वर्षको वार्षिक बजेटमा नगरपालिकोले बजेट सुनिश्चित गर्नेकार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

(ख)नगरपालिका र अन्तरगतका वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, पशु सेवा शाखा लगायतका सरकारी भवनमा प्रयोग भएको जरिवाना तथा बक्यौता रकम सहितको विजुली महसुल रकम, कार्यालय प्रयोजनका लागि भाडमा लिएको घर तथा कोटाहरुको घरभाडा सम्झौता समेत नविकरण गरी कार्यालयले प्रयोग गरेको बाँकी बक्यौता सहितको विजुली महसुल रकम घरभाडा सम्झौता बमोजिमको बाँकी घरभाडा रकम आगामी आ.व. २०८३/८४ मा बजेट व्यवस्था गरी भुक्तानी गर्ने। अब उपरान्त नगरपालिका अन्तरगतका नगरपालिकाले प्रयोग गरेको सरकारी भवन तथा नगरपालिकाले कार्यालय प्रयोजनको लागि भाडामा लिएको निजी घरको बिजुली महसुल समयमै तिर्न कार्यालयलाई निर्देशन दिने कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

प्रस्ताव नं. ३ नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धमा ।

प्रस्तावको पृष्ठभूमि र सन्दर्भ:

स्थानीय तहहरुको पुन:संरचना भई संरचना भइ स्थानीय तहको दुई कार्यकालको निर्वाचन समेत भईसकेको छ । स्थानीय तहको पुन:संरचना भएको ९ वर्ष विति सक्दा पनि साविकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी समायोजन प्रयोजनले बनाएको अन्तरिम संगठन संरचना तथा दरवन्दी अनुसार स्थानीय तहहरु सञ्चालन हुँदै आईरहेका छन्। उक्त पुरानो दरवन्दी संरचना तथा पदहरुलाई पुनरावलोकन गर्नुपर्ने  खास गरी कार्यालय सहयोगी, सवारी चालक कम्प्यूटर अपरेटर तथा केही विशेषज्ञ सेवा लिनुपर्ने पदहरुको सम्बन्धमा देखिएको छ । केही स्थानीय तहहरुले यस बिचमा  संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेको भएता पनि कानूनी स्पषटताको अभावमा प्रदेश किताबखानामा पद दर्ता हुनसकेको थिएन ।पछिल्ला वर्षहरुमा त्यसरी भएका स्थानीय गठन तथा व्यवस्थापन सर्भेक्षण औचित्यको रुपमा प्रश्न उठाएको र संगठन तथा व्यवस्थापन सर्भेक्षण नगर्ने स्थानीय तहहरुलाई पनि बिना दरवन्दी कर्मचारी सेवा करारमा भर्ना गरेको भए त्यस्ता कर्मचारी हटाउन नेपाल सरकारले परिपत्र नै गरेको अवस्था छ ।

यसै सन्दर्भमा नेपाल सरकार भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा  सामान्य प्रशासन मन्त्रालयले संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८३ लागू गरिसकेको छ । उक्त मापदण्डले मितदेखि लागु भएको मितिले ३ महिना भित्र स्थानीय तहहरुले संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्य

नरपालिका नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालय, स्वास्थ्य चौकी, अस्पताल, अन्य विषयगत कार्यालय तथा शाखाहरु, नगर प्रहरी गठन, सेवा करारमा लिने पदहरुको समेत स्पष्ट कार्यविवरण दरवन्दी संरचना निर्धारण गरी सोही अनुसार कर्मचारीहरुको स्थायी पदपूर्ति र सेवा करारमा लिनुपर्ने अत्यन्त आवश्यक भएकाले कार्यपालिकावाट आवश्यक निर्णय गर्नु पर्ने भएको ।

<u>निर्णय नं.३</u>

<u>कार्यपालिकाको निर्णयको व्यहोरा</u>

यस फतुवा विजयपुर नगरपालिकाको कर्मचारीहरुको दर्वन्दी संरचना तथा संगठन संरचनाको शाखागत कार्यबोझ तथा प्रकृतिको आधारमा पुनरावलोकन तथा सेवा करारमा लिन आवश्यक पर्ने पदहरुको निर्धारण गर्न अत्यन्त आवश्यक भएकोले यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तरगतका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गरी संगठन संरचना र दरबन्दी विवरण नगरसभावाट पारित गराई प्रदेश किताबखानामा समयमै पद दर्ता गर्ने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई अनुमति दिने कार्यपालिकाको वैठकवाट सर्वसम्मतिले निर्णय गरियो।

प्रस्ताव नं. ४ :— नगरप्रहरी गठन सम्बन्धमा

<u>प्रस्तावको पृष्ठभूमि र सन्दर्भ:</u>

यस फतुवा विजयपुर नगरपालिका क्षेत्रभित्र आवश्यक सुरक्षा व्यवस्था मिलाउन नगर प्रहरी गठन सञ्चालन सम्बन्धी ऐन, कार्यविधी तर्जुमा गर्न आवश्यक भएको

<u>निर्णय नं.४</u>

<u>कार्यपालिकाको निर्णयको व्यहोरा</u>

नगर प्रहरी गठन तथा सञ्चालन सम्बन्धी ऐन, कार्यविधिको मस्यौदा तयार गरि छलफल गरि अर्को कार्यपालिका वैठकमा पेश गर्ने कार्यपालिकाको वैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

प्रस्ताव नं. ५ : IEE सम्पन्न गर्ने सम्बन्धमा

<u>प्रस्तावको पृष्ठभूमि र सन्दर्भ:</u>

गत विगत वर्षहरुदेखि नै नगरपालिकाले गिटी तथा बालुवा विक्री वितरण गरी शुल्क उठाउन नसकेकोले नगरपालिकाको आन्तरिक स्रोत परिचालन कमजोर हुन पुगेको छ । स्थानीय लालबकैया खोलाबाट गिटी, बालुवा लगायतका नदीजन्य बस्तुहरुको अवैध चोरी तथा निकासी भईरहेको भन्दै स्थानीयबासीहरुको उजुरी तथा गुनासो समेत रहेको छ । लालबकैया खोलाको प्रारम्भिक वातवरणीय परीक्षण(IEE)को कार्य भईरहेको यसउक्त कार्य सम्पन्न गरी मधेश सरकार सम्बन्धित मन्त्रालयबाट प्रतिवेदन स्वीकृत भई आएपछि आगामी आ.व २०८३/८४ मा गिटि, बालुवाको ठेक्का लगाई नगरपालिकाको आन्तरिक आम्दानीको स्रोत बढाई नगरपालिकाको प्राथमिकताको क्षेत्रमा उक्त आम्दानीलाई उपयोग गर्न अत्यन्त आवश्यक देखिएको छ ।

कार्यपालिकाको निर्णयको व्यहोरा

नगरपालिकाको आर्थिक, सामाजिक, तथा पूर्वाधार लगायतको क्षेत्र अन्तर्गत नगरपालिकाको प्रथमिकाताको विकास आयोजना तथा कार्यक्रमहरु सञ्चालनको लागि नगरपालिकाको आन्तरिक आयलाई सुदृढ बनाउन आवश्यक भएकाले सम्बन्धित निकायबाट IEE स्वीकृतको प्रक्रिया सम्पन्न गरी गराइ आगामी आ.व.२०८३/८४ मा लालबकैया खोलाबाट प्रचलित कानून बमोजिम गिटी तथा बालुवा ठेक्का मर्फत विक्रीवितरण गर्ने प्रक्रिया शुरु गर्ने कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

प्रस्ताव नं. ६ :आ.व. २०८२/०८३ को बजेट कार्यन्वयनको समीक्षा सम्बन्धमा

प्रस्तावको पृष्ठभूमि र सन्दर्भ:

आर्थिक कारोबारमा संलग्न जिम्मेवार कर्मचारीहरुले बजेट कार्यन्वयन पश्चात कार्यपालिका तथा सभाप्रति जिम्मेवार एवंम उत्तरदायी भई तथा जवाफ दिई कार्यन्वयन भएका आयोजनाहरुको फरफारक समेत गर्नु पर्ने कानुनी दायित्व भएको हुँदा कार्यपालिका बैठकमा जिम्मेवार कर्मचारीहरु सहित छलफल गरि आर्थिक कारोवार तथा योजना कार्यान्वयनको सम्बन्धमा छलफल गर्नु अत्यावश्यक भएको ।

निर्णय नं.६

कार्यपालिकाको निर्णयको व्यहोरा

आ.व. २०८२/०८३ मा यस नगरपालिकाको आर्थिक कारोवारमा संलग्न अधिकृत आठौं श्री भरत प्रसाद यादव र सह लेखापाल श्री सचिन कुमार मिश्रको उपस्थिति सहित चालु आ.व. २०८२/०८३ को बजेट कार्यान्वयनको प्रतिवेदन उपर छलफल गर्न कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

प्रस्ताव नं. ७ : विभिन्न ऐन तथा कार्यविधिहरु स्वीकृति सम्बन्धमा

प्रस्तावको पृष्ठभूमि र सन्दर्भ:

यस नगरपालिकाको कार्य तथा सेवा सञ्चालनको लागि अधिकांश ऐन, नियम, कार्यविधि नबनेको अवस्था रहेको । पर्यास ऐन, नियम, कार्यविधिको अभावले यस नगरपालिकाको कार्य तथा सेवा सञ्चालन व्यवस्थित हुन नसकेको हुँदा आवश्यक ऐन, नियम, कार्यविधिहरु तर्जुमा गर्नु आवश्यक भएको

निर्णय नं.७

कार्यपालिकाको निर्णयको व्यहोरा

यस नगरपालिकाको कार्य तथा सेवा सञ्चालनको लागि आवश्यक पर्ने ऐन, नियम, कार्यविधिहरु मस्यौदा तर्जुमा गरी अगामी बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

प्रस्ताव नं. ८ आगामी आ. व. २०८३/८४ [illegible]

<u>प्रस्तावको पृष्ठभूमि र सन्दर्भ:</u>

आगामी आ. व. २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट तयार गरी असार मसान्तसम्म नगर सभाबाट अनुमोदन गरिसक्नुपर्ने कानूनी व्यवस्था भएकोमा हालसम्म पनि वडा कार्यालय तथा विषयगत शाखाहरुलाई योजना तथा कार्यक्रम र बजेट प्रस्ताव गरि पठाउन ढिला भएको हुँदा स्रोत अनुमान बजेट सीमा निर्धारण समितिको बैठक बसी वडा कार्यालय तथा विषयगत शाखाहरुलाई बजेट सीमा पठाउन आवश्यक भएको ।

<u>निर्णय नं.८</u>

<u>कार्यपालिकाको निर्णयको व्यहोरा</u>

फतुवा विजयपुर नगरपालिकालाई आगामी आ.व.२०८३/८४ वडा तथा विषयगत शाखाहरुबाट आयोजना तथा कार्यक्रमहरुमा बजेट प्रस्ताव गरि पठाउन वडा तथा विषयगत शाखाहरुहरुलाई, बजेट सिमा तथा मार्गदर्शन दिनुपर्ने भएकाले अविलम्ब आगामी आ.व.को स्रोत अनुमान तथा बजेट सीमा तयार गरी कार्यपालिकामा पेश गर्न स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई निर्देशन दिने कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

प्रस्ताव नं. ९ घर भाडामा नलिने सम्बन्धमा ।

<u>प्रस्तावको पृष्ठभूमि र सन्दर्भ:</u>

आफ्नै कार्यालय भवनको अभावले गर्दा यस नगरपालिकाले गत विगत आ.व.हरुदेखि नगर कार्यपालिकाको कार्यालयको प्रयोजनको लागि फतुवा विजयपुर नगरपालिका वडा नं. ८ (पानीटंकी नजीकै) मा रहेको शम्भू प्रसाद कलवारको घर कार्यालयले घरभाडमा लिई प्रयोग गर्दै आइरहेको छ ।उक्त घर समेत गरी कार्यालयले हाल प्रशासनिक कार्य प्रयोजनको लागि विभिन्न घरहरु भाडामा लिइ प्रयोग गर्दै आईरहेको छ । कार्यालय प्रयोजनको लागि धेरै संख्यामा घरभाडमा लिंदा प्रशासनिक खर्च समेत बढ्ने गर्दछ। तसर्थ घरभाडा खर्चमा कमी गरी प्रशासनिक खर्चमा मितव्ययीता कायम गर्नु अपरिहार्य हुन आएको छ ।

<u>निर्णय नं.९</u>

<u>कार्यपालिकाको निर्णयको व्यहोरा</u>

यस नगरपालिकाले गत विगत आ.व.हरुदेखि नगर कार्यपालिकाको कार्यालयको प्रयोजनको लागि फतुवा विजयपुर नगरपालिका वडा नं. ८ (पानीटंकी नजीकै) मा रहेको शम्भूप्रसाद कलवारको घर कार्यालयले घरभाडा सम्झौता बमोजिम प्रयोग गर्दै आइरहेकोमा प्रशासनिक खर्चमा न्यूनीकरण गर्न घरधनीसँगको उक्त घरभाडा सम्झौता २०८३/०४/१ देखि लागु हुनेगरी अन्त्य गरी घरभाडा सम्झौता बमोजिम २०८३ साल असार मसान्तसम्मको उक्त घरको बाँकी रहेको घरभाडा र कार्यालयले प्रयोग गरेको अवधिको बाँकी

कार्यालयले भुक्तानी गरिदिने कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।